# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको सूचना

**(कार्यालय खुल्ने समयः नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०२/२९ को निर्णयानुसार)**

कोभिड १९ को कारणबाट भएको बन्दाबन्दीले प्रभावित यस विभाग र अन्तरगतका कार्यालयबाट प्रवाह हुने सेवाहरू मिति २०७७ असार १ देखि देहायबमोजिम सुचारू हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**१. वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखाः**

फर्महरुको दर्ता, नवीकरण, संसोधन, नामसारी, खारेजी जस्ता अबरुद्ध सेवाका लागि आउदा विभागको ईमेल firmsection@doc.gov.np मा आफ्नो सम्पूर्ण आवश्यक कागजात (https://doc.gov.np/Downloads मा गई हेर्न सकिने) पठाई कागजात सही रहेको ईमेल प्राप्त भएमा मात्र सबै सक्कल र एक प्रति प्रतिलिपि कागजातका साथमा देहायको तालिकाबमोजिम सम्बन्धित व्यवसायी स्वयंले यस शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**<u>सेवा सञ्चालन कार्यतालिका</u>**

| क्र. सं. | दिन | सेवाहरू | कैफियत |
|---|---|---|---|
| १. | आइतबार, मंगलबार र शुक्रबार | प्राइभेट फर्म नवीकरण संशोधन, प्रतिलिपि र खारेजी (६० लाख भन्दा कम पूँजी भएको ) | दरखास्त फारामहरू https://doc.gov.np/Downloads बाट डाउनलोड गरी भरेर ल्याउनुहोला। |
| २. | सोमबार | प्राइभेट फर्म नयाँ दर्ता | |
| ३. | बुधबार | प्राइभेट फर्म नवीकरण संशोधन, प्रतिलिपि र खारेजी (६० लाख भन्दा माथि पूँजी भएको ) | |
| | | कम्पनीको व्यापार अनुमति | |
| ४. | बिहीबार | साझेदारी फर्म दर्ता, नवीकरण संशोधन, प्रतिलिपि र खारेजी | |
| | | एजेन्सी दर्ता/नवीकरण संशोधन | |

*नोटः यस प्रयोजनको लागि कानून व्यवसायी, व्यवसायीका साथी वा व्यवसायीसँग अन्य सदस्यहरु आदिको आवश्यक नपर्ने हुँदा उनीहरूको प्रवेश निषेध गरिएको छ ।*

**२. आपूर्ति अनुगमन तथा उपभोक्ता संरक्षण शाखाः**

टोल फ्रि. नं ११३७ संचालन, बजार अनुगमन दण्ड जरिवाना शुल्क बुझाउने उपभोक्ता सहायता सम्बन्धी कार्यहरू सार्वजनिक विदा बाहेक दैनिक संचालन हुने व्यहोरा अनुरोध छ ।

**३. निकासी पैठारी इजाजत तथा सहजीकरण शाखाः**

निकासी पैठारी इजाजत सम्बन्धी कार्यहरू सार्वजनिक विदा बाहेक दैनिक संचालन हुने हुँदा सोही बमोजिम यस शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।